# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड ३ बुटवल, कार्तिक २८ गते, २०७६ साल संख्या १०


बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

## बुटवल उप-महानगरपालिका
## पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना**

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपंक्षीपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको स्वास्थ्यका दृष्टिकोण बाट समेत पशुपंक्षी, पशुपंक्षीजन्य पदार्थ तथा पशुपंक्षी उत्पादन सामाग्रीको स्वस्थ उत्पादन, बिक्री वितरण, उपभोग गर्ने सम्बन्धमा प्रभावकारी रुपमा कार्यान्वयन गरी पशु स्वास्थ्य कार्यक्रम संचालन गर्न आवश्यक भएकोले पशुपंक्षीमा विभिन्न समयमा संक्रामक महामारीको रुपमा रोग देखा परि ठूलो आर्थिक क्षति पुऱ्याउने रोगहरुको सर्भिलेन्स, अन्वेषण, पहिचान, रोकथाम, नियन्त्रण तथा अनुगमन सम्बन्धी आ. व. ०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसारका पशु स्वास्थ्य नियमन तथा विभिन्न रोग नियन्त्रण सम्बन्धी कार्यहरु कार्यन्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ एवं प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐनको दफा ३ ले दिएको अधिकार प्रयोग गरी बुटवल उप महानगरपालिका नगरकार्यपालिकाले यो पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ तयार गरी लागु गरेको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) “नगरपालिका” भन्नाले बुटवल उप महानगरपालिका सम्झनु पर्दछ ।

ख) “कार्यपालिका” भन्नाले बुटवल उप महानगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ ।

ग) “शाखा”भन्नाले बुटवल उपमहानगरपालिका पशुपंक्षी विकास शाखा सम्झनुपर्दछ ।

घ) "वडा" भन्नाले बुटवल उप महानगरपालिका अन्तर्गत पर्ने १-१९ वडाहरु सम्झनु पर्दछ ।

ङ) "भेटेरिनरी निरीक्षक" भन्नाले शाखा प्रमुख वा बुटवल उप-महानगरपालिकाले तोकेको व्यक्ति सम्झनु पर्दछ ।

च) "प्राबिधिक" भन्नाले बुटवल उप महानगरपालिका पशुपंक्षी विकास शाखामा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

**पशु स्वास्थ्य नियमन कार्यक्रम कार्यान्वयन**

पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५, नियमावली २०५६ मा व्यवस्था गरिएका कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशु स्वास्थ्य नियमन कार्यक्रम संचालन गर्नु पर्नेछ ।

**उद्देश्य**

१. भेटेरिनरी औषधि तथा जैविक पदार्थ, पशुपंक्षी फार्म, ह्याचरी र पशु नश्ल सुधारको गुणस्तर कायम गर्ने ।

२. पशु सेवा सम्बन्धी ऐन, नियम, निर्देशिका लगायत स्वीकृत मापदण्डहरुको प्रभावकारी कार्यन्वयन गर्ने ।

३. जैविक पदार्थको आयात, निर्यात तथा उपयोग निर्धारित मापदण्ड अनुसार भए नभएको नियमन गर्ने ।

४. भेटेरिनरी औषधि तथा जैविक उत्पादन, प्रशोधन, विक्री वितरणको अनुगमन र निरीक्षण गर्ने ।

**पशु स्वास्थ्य नियमन कार्यक्रम कार्यन्वयन प्रक्रिया :**

**१) पशु औषधि तथा जैविक पदार्थको भण्डारण निरीक्षण**

क) पशु औषधि, जैविक पदार्थको व्यवस्थापन तथा बिक्री वितरण सम्बन्धी गुणस्तर जाँच गर्दा अनुसुचि १ र २ बमोजिम गर्नु पर्नेछ ।

ख) भेटेरिनरी औषधि पसलको पहिलो पटक निरीक्षण गर्दा अनुसूची १ र पुन सोही औषधि पसलको निरीक्षण गर्नु पर्दा अनुसूची २ बमोजिमको अभिलेख राख्नु पर्नेछ ।

ग) निरीक्षकले निरीक्षणको क्रममा म्याद नागेको पशु औषधि वा जैविक पदार्थ बिक्री कक्षमा फेला पारेमा यस्ता औषधि वा जैविक पदार्थलाई पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को कार्यबिधि पुरा गरि नष्ट गर्नु पर्नेछ ।

घ) कम्पनी बाट नया बदल्ने प्रयोजनका लागि बाहेक अन्य म्याद नाघेका वा टुटे फुटेका औषधि पसलको कुनै पनि भागमा राखेको फेला परेमा नष्ट गर्नु पर्नेछ ।

ङ) पशु औषधि पसलको जाँच गर्दा ईजाजत पत्रमा उल्लेख भए बमोजिमको नाम साईन वोर्डमा लेखिएको नपाईएमा त्यस्तो वोर्डलाई तुरुन्त हटाउन लगाउने र साईनवोर्ड नपाईएमा तुरुन्त राख्न लगाउनु पर्नेछ ।

च) कुनै व्यक्तिले आधिकारिक निकायमा पसल दर्ता नगरेको र व्यवसायिक प्रमाणपत्र नलिई पशु औषधि पसल संचालन गरेको पाईएमा भेटेरिनरी निरीक्षकले सोको जानकारी पशु सेवा विभागमा गराउनु पर्नेछ ।

**२) पशुपंक्षी फार्म र ह्याचरी निरीक्षण :**

क) भेटेरिनरी निरीक्षकले आफ्नो कार्यक्षेत्र भित्र रहेका सरकारी, गैरसरकारी वा निजी क्षेत्रबाट स्थापित पशुपंक्षी फार्म र ह्याचरीको निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ ।

ख) प्यारेन्ट स्टक फार्म निरीक्षण गर्दा अनुसूची ३, ब्रोईलर पोल्ट्री फार्म निरीक्षण गर्दा अनुसूची ४, व्यवसायिक लेयर्स पोल्ट्री फार्म निरीक्षण गर्दा अनुसूची ५, व्यवसायिक वंगुर फार्म निरीक्षण गर्दा अनुसूची ६ बमोजिमका फारमहरु प्रयोग गर्नु पर्दछ ।

ग) पंक्षी फार्म तथा ह्याचरीले पशु सेवा विभागबाट स्वीकृत ह्याचरी तथा पोल्ट्री ब्रिडिंग फार्मको मापदण्ड, २०६२ अनुसार भए नभएको निरीक्षण गर्नु पर्नेछ । निरीक्षण गर्दा मापदण्डमा उल्लेखित जैविक सुरक्षा नअपनाएको भए मापदण्ड अनुसार गर्न म्याद तोकी लिखित सुझाव दिनु पर्नेछ ।

घ) पशु सेवा विभागबाट सिफारिस पत्र वा अनुमति पत्र प्रदान गरिएकोमा सो बमोजिम कार्य भए नभएको निरीक्षण गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ङ) कुनै पनि निजी फार्मले फार्म प्रयोजनको लागि बाहेक अन्य प्रयोजनको लागि खोप वा अन्य जैविक पदार्थ राखे नराखेको निरीक्षण गरी अभिलेख राख्नु पर्नेछ ।

च) फार्मको प्रयोजनको लागि जैविक पदार्थ राख्नु पर्दा सो पदार्थको प्रकृति अनुसार उपयुक्त वातावरणमा भण्डारण गर्ने व्यवस्था गरे नगरेको निरीक्षण गरी अभिलेख राख्नु पर्नेछ ।

छ) पशुपंक्षी फार्म वा ह्याचरीको निरीक्षण गर्दा कुनै पशुपंक्षीमा रोगको शंका भएमा रोगको प्रकृति हेरी उपयुक्त संख्यामा नमूना संकलन गरी परीक्षणको लागि तोकिएको प्रयोगशालामा पठाउनु पर्दछ ।

ज) पशुपंक्षी फार्म वा ह्याचरीको निरीक्षण गर्दा कुनै पशुपंक्षीमा पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६ मा उल्लेखित कुनै संक्रामक रोग लागेको पाईएमा वा लाग्न सक्ने संका लागेमा त्यस्तो पशुलाई प्रचलित नियम अनुसार पशुको किसिम, रोगको प्रकृति हेरी छुट्टै राख्न वा बिक्री वितरण गर्न रोक लगाई सोको जानकारी सम्बन्धित विभागमा पठाउन पर्नेछ । साथै यस्ता पशुपंक्षी वा संक्रमित पशुवस्तुको नमूना संकलन गरी तोकिएको प्रयोगशालामा परीक्षणको लागि सुरक्षित साथ पठाउनु पर्नेछ । परीक्षणको नतिजा प्राप्त भएपछि पशुधनीलाई जानकारी गराउनु पर्नेछ ।

**३) पशु औषधि पसल, पशुपंक्षी फार्म, ह्याचरी, मासुपसल, बधस्थल, बधशाला, हाटबजारको तथ्याङ्क व्यवस्थापन :**

क) भेटेरिनरी निरीक्षकले आफ्नो कार्यक्षेत्रमा अवस्थित पशुपंक्षी औषधि पसल ,पशुपंक्षी फार्म, ह्याचरी, मासु पसल, बधस्थल, बधशाला र हाटबजारको तथ्याङ्क संकलन गरी सोको प्रतिवेदन पशु सेवा विभागमा पठाउनु पर्नेछ ।

**४) भेटेरिनरी नियमन, सिफारिस तथा जनचेतनामूलक कार्यक्रम संचालन :**

क) भेटेरिनरी निरीक्षकले भेटेरिनरी ऐन नियम, मापदण्ड, जुनोटिक रोग , पशु कल्याण सम्बन्धी चेतनामूलक कार्यक्रमा संचालन गर्नु पर्नेछ ।

**५) विभिन्न रोग नियन्त्रण कार्यक्रम संचालन विधि :**

**खोप कार्यक्रम :**

क) बुटवल उपमहानगरपालिका पशुपंक्षी विकास शाखाले रोग नियन्त्रण कार्यक्रम संचालन गर्नु पर्नेछ ।

ख) बुटवल उपमहानगरपालिका पशुपंक्षी विकास शाखाले प्राप्त श्रोत साधनको आधारमा पशुहरुको संख्या बढी भएका, रोगको प्रकोप बढी भएका, रोगको प्रकोप बारम्बार देखा परेका, पशुहरुको बढी मात्रामा ओसारपसार हुने गरेका, व्यवसायिक

रुपमा अग्रणी स्थानमा रहेका फार्म तथा क्षेत्रलाई जोखिममा रहेका पशुपंक्षीहरुलाई लगाउन सकिने छ ।

ग) जोखिममा रहेका पशुहरुलाई खोप लगाएको विवरण आवश्यक परेको बेला भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु स्वास्थ्य निर्देशनालय आदि ठाउँमा पठाउन सकिने छ ।

घ) बुटवल उपमहानगरपालिका पशुपंक्षी विकास शाखाले खोपको लागि आवश्यक पर्ने चिस्यान व्यवस्थापन गर्ने गरी निःशुल्क खोप व्यवस्थापन गर्नु पर्नेछ ।

ङ) खोपको ढुवानी, फिल्डस्तर सम्म पुऱ्याउने कार्य तथा रोगको नमूना लिई रोग अन्वेषण प्रयोगशालालाई समयमै निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

च) खोप कार्यक्रम अभियान दोश्रो र तेस्रो चौमासिकमा सम्पन्न गर्नु पर्नेछ ।

छ) खोप (खोरेत, एच.एस., वि. क्यु., पि. पि. आर, स्वाईन फिवर, एन्थ्राक्स, रानिखेत, रेविज आदि) लगाउनको लागि खोप प्राप्त भएपश्चात फिल्ड स्तरमा कार्यरत ग्रा. प. स्वा. का., प्राईभेट पाराभेट तथा सरकारी सेवामा कार्यरत पशु चिकित्सक एवं प्राबिधिकहरुबाट खोप कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

ज) खोप कार्यक्रम संचालन तथा सम्पन्न गर्न शाखाले प्राबिधिकहरुलाई नियुक्ति दिने वा तोकिएको पारिश्रमिक दिई काममा लागाउन सक्नेछ ।

झ) खोप लगाउनको लागि अटोमेटिक सिरिन्ज, निडिल तथा साधारण सिरिन्ज, निडिल प्रयोग गर्न सकिने छ ।

ञ) भ्याक्सिनेशन टोलीले वरफ सहितको कुल बक्समा संचय गरेको भ्याक्सिन तथा अन्य सामाग्री लिई तोकेको ठाउँमा गई भ्याक्सिन गर्नु पर्नेछ ।

ट) खोप लगाएको विवरण तोकिएको ढाँचामा तयार गरी सम्बन्धित वडा बाट प्रमाणित गर्नु पर्नेछ ।

ठ) खोप लगाएको ठाउमा पुन रोग फैलिएमा रोग बारे जनचेतना जगाई पुन खोप लगाउन सकिनेछ ।

ड) भ्यागुते, चरचरे, खोरेत, स्वाईन फिवर, वर्डफ्लु रोग आउटब्रेक भई नियन्त्रण गर्नुपर्ने भएमा तुरुन्तै आकश्मिक सेवा संचालन गर्नु पर्नेछ । रोग फैलिएको स्थान मा रहेका पशुहरुको रगत संकलन गर्ने र सिरम छुट्याई सिरम भाईलमा सारेर कोड नम्बर लेखि सिरमलाई भाईल बक्समा राख्नु पर्नेछ । पशुपंक्षी रोग अन्वेषण प्रयोगशालाहरुले प्रारम्भिक परीक्षण गरी आवश्यक परेमा थप परीक्षणको लागि तोकिएको प्रयोगशालामा पठाउन पर्नेछ ।

**आर्थिक कार्यविधि :**

१) खोप पारिश्रमिक भ्यागुते, चरचरे, खोरेत, स्वाईन फिवर भ्याक्सिन (ठूला पशुको लागि) लगाए वापत प्रति पशु रु. ३०।-, रेविज प्रति कुकुर रु. ५०।-, पि. पि. आर. प्रति पशु रु. १०।- र रानीखेत/गम्बारो प्रति पंक्षी रु. ५।- उपलब्ध गराउन सकिने छ ।

२) कार्यक्रम अनुगमन पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेखित कार्यक्रमको अनुगमन गरी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशुपंक्षी तथा मत्स्य निर्देशनालय, केन्द्रिय पशु रोग अन्वेषण प्रयोगाशालामा पठाउन पर्नेछ

। सो कार्यको लागि नियम अनुसार अनुगमन भत्ता साथै सवारी ईन्धन समेत उपलब्ध गराईने छ ।

३) कृत्रिम गर्भाधान गरिएका पशुहरुको गर्भ परीक्षण गर्दा प्रति पशु रु. १००।- का दरले पारिश्रमिक उपलब्ध गराईने छ ।

६) **ईपिडियोमोलोजिकल रोग नियन्त्रण** : कुनै पनि स्थानमा अकस्मात रोग फैलिन गई ठूलो संख्यामा पशुको क्षति हुन सक्छ । यस्ता रोगहरु बाट पशुपंक्षीहरुको संरक्षण गर्न महामारी फैलिएको समयमा निरीक्षण गरी अनिवार्य रुपमा ईपिडियोमिक नियन्त्रणका लागि नमूना संकलन गरी प्रयोगशालामा पठाउने गर्नुपर्ने छ ।

**कार्यविधि** :

१) रोग फैलिएको स्थानमा स्थलगत निरीक्षण गरी ईपिडियोमोलोजिकल अन्वेषण गर्ने ।

२) नमूना संकलन गर्ने ।

३) समयमै प्रभावकारी उपचारको लागि कार्यक्रम संचालन गर्ने ।

४) महामारी सम्बन्धी ईपिडियोमोलोजिकल सूचना समयमै सम्बन्धित निकायमा पठाउने ।

५) यस कार्यको लागि आवश्यक सामाग्री शाखाबाट उपलब्ध गराउने र उक्त कार्य गर्दा खटिने प्राबिधिक/सरोकारवाला व्यक्तिहरुलाई दैनिक रु. १०००।- का दरले अनुगमन भत्ता, खाजा उपलब्ध गराउन पर्नेछ ।

७) **मासु निरीक्षण तथा सुपरिवेक्षण** : मासु खानामा मिठो, पचाउन सजिलो र पौष्टिक तत्वले भरिपुर्ण भएको खाद्य पदार्थ हो । जनचेतनाको अभावले कम गुणस्तर भएको मासु खानाले विभिन्न प्रकारका रोगले संक्रमण गरेको पाईन्छ । अत स्वस्थ्य गुणस्तरयुक्त मासु उत्पादन गर्नको लागि मासु निरीक्षण तथा सुपरिबेक्षण गर्न जरुरी रहेको हँदा पशुपंक्षी विकास शाखाबाट उक्त कार्य गरिनेछ ।

**कार्यविधि** : मासु पसल अनुगमनको लागि बु. उ. म. न. पा बाट तयार गरिएको ढाँचा बमोजिम अनुगमन गरिने छ । साथै सो अनुगमन गर्दा नियम अनुसार भत्ता उपलब्ध गराईने छ ।

८) **पशु स्वास्थ्य प्रमाणीकरण** :

पशुपंक्षीहरुको अनियन्त्रित आवत जावतका कारण एक स्थानमा देखा परेको रोग अन्य स्थानमा फैलिन नदिनको लागि पशु स्वास्थ्य परीक्षण गरी लैजान दिने अनुमति प्रदान गर्ने कार्य पशुपंक्षी शाखाले गर्नेछ।

**उद्देश्यः** रोगी पशुपंक्षीको आवतजावतमा रोक लगाई रोग नियन्त्रणमा सहयोग पुऱ्याउने ।

पशु स्वास्थ्यकर्मी दर्ता तथा परिचालनः पशुपालन क्षेत्रमा बढ्दै गईरहेको व्यवसायीकरणको साथसाथै निजी क्षेत्रमा कार्यरत पशु स्वास्थ्य कार्यकर्ता, पशु स्वास्थ्य प्राबिधिक र पशु चिकित्सकहरुको समेत गुणस्तरमा वृद्धि गरी कृषकमुखी बनाउनका लागि एकै ठाउँमा दर्ता गरी कार्यक्रमहरुको बारेमा अभिमुखिकरण गोष्ठी, बैठक गराउने तथा पशु सेवामा संलग्न प्राबिधिकहरुको नामावली तयार गर्नेछ ।

९) **जुनोटिक रोग बारे गोष्ठी/तालिम** : पशुपंक्षीहरुमा पाईने कतिपय रोगहरु रोगी पशुपंक्षीहरु संगको सम्पर्क, लसपस, दूध, अण्डा, मासु र हावाको माध्यम बाट मानिसहरुमा सर्दछ । यस्ता रोगहरु बारे पशुपालन क्षेत्रमा कार्यरत व्यवसायी, उपभोक्ता, जनस्वास्थ्य संग सम्बद्ध व्यक्तिहरु, संघ/संस्था, छात्र/छात्रा, शिक्षक र

स्थानीय व्यक्तिहरु संग तालिम, अन्तरक्रिया, गोष्ठी संचालन गरी उनिहरुको चेतनामा अभिवृद्धि गरेर जुनोटिक रोग नियन्त्रणलाई प्रभावकारी बनाई जनस्वास्थ्यको संरक्षण गर्नेछ ।

**कार्यविधि :**

स्कुल शिक्षा कार्यक्रम पशुपंक्षी विकास शाखामा समन्वय गरी संचालन गर्नका लागि कक्षा ८, ९, र १० का विद्यार्थीहरु सहभागी हुनेछन् । उक्त कार्यक्रममा प्रशिक्षक भत्ता, स्टेशनरी, खाजा, अनुगमन भत्ता स्वीकृत नियम अनुसार हुनेछ ।

**पशु सेवा नियमन कार्यक्रम तथा कार्यविधि :**

१) पशुपंक्षी विकास शाखामा उपचार गर्न ल्याईएका पशुपंक्षीहरुबाट प्रयोगशाला जाँचका लागि नमूना संकलन तथा प्रषण गर्नेछ ।

२) रोग फौलिएको समयमा उपयुक्त नमूना उपयुक्त तरिकाले संकलन गरिने छ ।

३) मृत पशुपंक्षीको पोष्टमार्टम गरी नमूना संकलन गर्ने ।

४) संकलित नमूनाहरु प्रयोगशालामा नियन्त्रणको लागि पठाउने ।

५) वर्डफ्लु रोग नियन्त्रणको लागि हप्ताको एक पटक बु. उ. म. न. पा. को रेकर्डमा रहेका पोल्ट्री फार्महरु तथा सिमसार क्षेत्रमा बस्ने चराचुरुङ्गीहरुको नमूना संकलन, निरीक्षण एवम रिपोर्टिङ गर्नेछ ।

६) उक्त कार्य गर्दा नियमानुसार खाजा, खाना, भत्ता, ईन्धन उपलब्ध गराईने छ ।

उपरोक्त कार्यक्रमहरु यसै कार्यविधि अनुसार भए गरेको मानिने छ ।

## अनुसूची १

**भेटेरिनरी निरीक्षकले पहिलो पटक भेटेरिनरी औषधि पसल निरीक्षण गर्दा प्रयोग हुने फाराम**

१. औषधि पसलको नाम र ठेगाना :
२. औषधि पसलको नाम - वोर्डमा लेखेको ) र ईजाजत पत्रको नाम मिले/नमिलेका:
३. दर्ता भएको कार्यालयको नाम:
ईजाजत पत्र दर्ता नम्बर: दर्ता मिति: म्याद समाप्त हुने मिति:
४. औषधि पसल धनीको नाम, थर:
५. धनीको शैक्षिक योग्यता:
औषधि बिक्री सम्बन्धी तालिम:
६. औषधि बिक्री गर्न सहयोग गर्नेको:
नाम, थर: शैक्षिक योग्यता: तालिम:
७. विषादि र भेटेरिनरी औषधि एउटै पसलमा राखे/नराखेको:
८. म्याद नाघेको औषधि बिक्री कक्ष भित्र राखे/नराखेको:
९. म्याद नाघेको औषधि पाईएको भए के के भेटिएको ? त्यसको नाम र उत्पादकको नाम, ठेगाना:
१०. पशु औषधि वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्तिबाट मात्र पसल दर्ता भएको पसलबाट विक्री वितरण गरे/नगरेको:
११. कानून अनुसार दर्ता नभएको औषधि पसलमा भए/नभएको:
१२. कानून अनुसार दर्ता नभएको औषधि पसलमा भेटिएको भए के के भेटिएको?
१३. म्याद नाघेको औषधि अलग राख्ने तरिका बारे जानकारी भए/नभएको:
१४. यदि यसबारे जानकारी भएमा सही तरिकाबाट राखि settlement को लागि कारबाही गरेको प्रमाण भए/नभएको:
१५. औषधि पसलमा भेटेरिनरी खोप वा जैविक पदार्थ राखे/नराखेको:
१६. यदि खोप, जैविक पदार्थ राखेको भए के के खोप जैविक पदार्थ कसरी राखेको छ?
१७. रेफ्रिजेरेटर संचालन समय:
१८. जेनरेटर भए वा अन्य विद्युत आपुर्ति व्यवस्था भए नभएको (भएको भए विवरण उल्लेख गर्ने ।
१९. म्याद नाघेको खोप वा जैविक पदार्थ भेटे/नभेटेको:
२०. म्याद नाघेको औषधि, खोप वा जैविक पदार्थ भेटिएको भए सोको लागि गरिएको कारवाही:
२१. निरीक्षणको क्रममा पसल धनी/बिक्रीकर्तालाई दिएको सुझावहरु:
२२. भेटेरिनरी निरीक्षकको टिप्पणी:

**भेटेरिनरी निरीक्षकको**
नाम, थर :
दस्तखत :
मिति :

## अनुसूची २
## एकपटक निरीक्षण भईसकेको भेटेरिनरी औषधि पसल निरीक्षण गर्न प्रयोग गरिने फारम

एकपटक निरीक्षण भईसकेको भेटेरिनरी औषधि पसल निरीक्षण गर्दा तल लेखिए अनुसारको चेकलिष्टमा आधारित विषयवस्तुको विवरण लिनु पर्नेछ ।

१. औषधि पसलको नाम र ठेगाना :
२. दर्ता भएको कार्यलयको नाम :
३. ईजाजत पत्र दर्ता नम्बरः
४. दर्ता मितिः
५. म्याद समाप्त हुने मितिः
६. औषधि पसल धनीको नाम, थरः
७. धनीको शैक्षिक योग्यताः
   औषधि बिक्री सम्बन्धी तालिमः
८. पशु औषधि वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्ति बाट मात्र पसल दर्ता भएको पसल बाट विक्री वितरण गरे/नगरेको :
९. विषादि र भेटेरिनरी औषधि एउटै पसलमा राखे/नराखेकोः
१०. म्याद नाघेको औषधि बिक्री कक्ष भित्र राखे/नराखेकोः
११. म्याद नाघेको औषधि पाईएको भए के के भेटिएको ? त्यसको नाम र उत्पादकको नाम, ठेगानाः
१२. पशु औषधि वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्तिबाट मात्र पसल दर्ता भएको पसलबाट विक्री वितरण गरे/नगरेकोः
१३. कानून अनुसार दर्ता नभएको औषधि पसलमा भए/नभएकोः
१४. कानून अनुसार दर्ता नभएको औषधि पसलमा भेटिएको भए के के भेटिएको?
१५. म्याद नाघेको औषधि अलग राख्ने तरिका बारे जानकारी भए/नभएकोः
१६. औषधि पसलमा भेटेरिनरी खोप वा जैविक पदार्थ राखे/नराखेकोः
१७. यदि खोप, जैविक पदार्थ राखेको भए के के खोप जैविक पदार्थ कसरी राखेको छ?
१८. रेफ्रिजेरेटर संचालन समयः
१९. जेनरेटर भए वा अन्य विद्युत आपुर्ति व्यवस्था भए नभएको (भएको भए विवरण उल्लेख गर्ने ।
२०. म्याद नाघेको खोप वा जैविक पदार्थ भेटे/नभेटेकोः
२१. म्याद नाघेको औषधि, खोप वा जैविक पदार्थ भेटिएको भए सोको लागि गरिएको कारवाहीः
२२. निरीक्षणको क्रममा पसल धनी/बिक्रीकर्तालाई दिएको सुझावहरुः
२३. भेटेरिनरी निरीक्षकको टिप्पणीः

**भेटेरिनरी निरीक्षकको**
नाम, थर :
दस्तखत :
मिति :

## अनुसूची ३

## व्यवसायिक माउ (Parent) पोल्ट्री व्रिडिङ फार्म र ह्याचरी निरीक्षण गर्दा प्रयोग गर्ने फारम

१. फार्मको नाम र ठेगाना : २. स्थापना मिति :

३. फार्म धनीको नाम र ठेगाना :

४. फार्मको क्षमता (वर्ग फिट) : प्रयोग भएको खाली ५. पोल्ट्रीको जात :

६. आयात गरेको विवरण : भाले संख्या : पोथी संख्याः

आयात गरेको देशको नाम :

आयात गरेको फार्मको नाम र ठेगाना :

७. हालको पोल्ट्री विवरण : उमेर : भाल : पोथी :

कुल प्रतिहप्ता अण्डा उत्पादन

क) ०-८ हप्ताको ख) ९-२० हप्ताको ग) २१-४८ हप्ताको घ)४९-७२ हप्ताको

८. प्रति हप्ता चल्ला उत्पादन संख्या :

९. चल्ला मृत्यु दर प्रतिशत :

१० खोप तालिका भए/नभएको

११. कुन कुन खोप लगाएको (रेकडबाट नोट गर्ने)

१२. कुल अण्डा उत्पादन र वर्ष

१३. ईन्कुवेटरको क्षमता

१४. वार्षिक अण्डा सेटिङ संख्या :

१५. प्रजनन् प्रतिशत

१६. ह्याचिविलिटी (चल्ला उत्पादन) प्रतिशत

१७. ह्याचरीको क्षमता

१८. जैविक सुरक्षा सम्बन्धी व्यवस्था :

क) बार वन्देज, गेट भए/नभएको,

ख) बाहिरी जनावर, चरा, पंक्षी भित्र पस्न बाट रोक्ने व्यवस्था भए/नभएको,

ग) गेटमा खुट्टा सफा निसंक्रमणको व्यवस्था भए/नभएको,

घ) निःसंक्रमण तालिका भए/नभएको,

ङ) फोहर फाल्ने ढल र मरेका चल्ला गाड्ने व्यवस्था भए/नभएको,

च) निःसंक्रमण गर्ने तरिका,

छ) आगन्तुक र कर्मचारीको सरसफाईको व्यवस्था,

१९. ह्याचरी अण्डाको स्वस्थता र ढुवानीको व्यवस्था राम्रो/सन्तोषजनक/बेठिक,

२०. दाना भण्डारण व्यवस्था राम्रो/ठिकै/नराम्रो,

२१. खोर र औषधिको भण्डारण सम्बन्धी व्यवस्था :

२२. रोग सम्बन्धी विवरणः

क) निरीक्षणको समयमा रोगी र शंकास्पद पोल्ट्रीको संख्या :

ख) एभिएन इन्फ्लुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रमक रोगको शंक भए/नभएको,

ग) रोगी पोल्ट्री छुट्याई राख्ने व्यवस्थाा भए/नभएको,

घ) प्रचलित मापदण्ड अनुसार नमूना संकलन गरे/नगरेको

ङ) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागि पठाईएको,
च) फार्म ह्याचरीमा प्राईभेट पशु चिकित्सक भए/नभएको,
२३. भेटेरिनरी निरीक्षकको टिप्पणी :

**भेटेरिनरी निरीक्षकको**
नाम, थर :
दस्तखत :
मिति :

## अनुसूची ४
## बोईलर पोल्ट्री फार्म निरीक्षण गर्दा प्रयोग गरिने फारम

१. फार्मको नाम र ठेगाना :
२. स्थापना मिति :
३. फार्म धनीको नाम र ठेगाना :
४. फार्मको क्षमता (वर्ग फिट) :
५. पोल्ट्रीको जात :
६. चल्ला किनेको फार्मको नाम :
७. बथानको विवरण: संख्या:
०-४ हप्ताको:
५-८ हप्ताको
८. चल्लाको मृत्युदर प्रतिशतमा
९. कुन कुन रोग विरुद्ध खोप लगाएको (रेकर्ड अनुसार नोट गर्ने)
१०. सरदर बिक्री गर्ने तौल (के.जी)
११. सरदर बिक्री गर्ने उमेर (हप्तामा)
१२. जैविक सुरक्षा सम्बन्धी व्यवस्था:
क) बार वन्देज, गेट भए/नभएको
ख) बाहिरी जनावर, चरा, पंक्षी भित्र पस्न बाट रोक्ने व्यवस्था भए/नभएको
ग) गेटमा खुट्टा सफा निसंक्रमणको व्यवस्था भए/नभएको
घ) निःसंक्रमण तालिका भए/नभएको
ङ) फोहर फाल्ने ढल र मरेका चल्ला गाड्ने व्यवस्था भए/नभएको
च) निःसंक्रमण गर्ने तरिका
छ) आगन्तुक र कर्मचारीको सरसफाईको व्यवस्था
१३. दाना भण्डारण व्यवस्था राम्रो/ठिकै/नराम्रो
१४. खोर र औषधिको भण्डारण सम्बन्धी व्यवस्था :
१५. रोग सम्बन्धी विवरण:
क) निरीक्षणको समयमा रोगी र शंकास्पद पोल्ट्रीको संख्या :
ख) एभिएन इन्फ्लुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रमक रोगको शंक भए/नभएको

ग) रोगी पोल्ट्री छुट्याई राख्ने व्यवस्थाा भए/नभएको

घ) प्रचलित मापदण्ड अनुसार नमूना संकलन गरे/नगरेको

ङ) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागि पठाईएको

च) फार्म ह्याचरीमा प्राईभेट पशु चिकित्सक भए/नभएको

१६. भेटेरिनरी निरीक्षकको टिप्पणी :

**भेटेरिनरी निरीक्षकको**

नाम, थर :

दस्तखत :

मिति :

## अनुसूची ५

### व्यवसायिक लेयर्स पोल्ट्री फार्म निरीक्षण गर्दा प्रयोग गर्नुपर्ने फारमको नमूना

१. फार्मको नाम र ठेगाना :

२. स्थापना मिति :

३. फार्म धनीको नाम र ठेगाना :

४. फार्मको क्षमता (वर्ग फिट) :

५. पोल्ट्रीको जात :

६. चल्ला किनेको फार्मको नाम :

७. हालको पोल्ट्री विवरण :

उमेर भाले पोथी

क) ०-८ हप्ता ख) ९-२० हप्ता ग) ख) २१-४८ हप्ता ख) ४९-७२ हप्ता

कूल प्रतिहप्ता अण्डा उत्पादन

८. चल्ला मृत्युदर प्रतिशत

९. कुन कुन रोग विरुद्ध खोप लगाएको (रेकर्ड अनुसार नोट गर्ने)

१०. खोप तालिका भए/नभएको

११. कुन कुन खोप लगाएको ( रेकर्ड बाट नोट गर्ने)

१२. कूल अण्डा उत्पादन

१३. जैविक सुरक्षा सम्बन्धी व्यवस्थाः

क) बार वन्देज, गेट भए/नभएको,

ख) बाहिरी जनावर, चरा, पंक्षी भित्र पस्न बाट रोक्ने व्यवस्था भए/नभएको,

ग) गेटमा खुट्टा सफा निसंक्रमणको व्यवस्था भए/नभएको,

घ) निःसंक्रमण तालिका भए/नभएको,

ङ) फोहोर फाल्ने ढल र मरेका चल्ला गाड्ने व्यवस्था भए/नभएको,

च) निःसंक्रमण गर्ने तरिका,

छ) आगन्तुक र कर्मचारीको सरसफाईको व्यवस्था,

१४. दाना भण्डारण व्यवस्था राम्रो/ठिकै/नराम्रो

१५. बिक्री गर्ने उमेर :

१६ . रोग सम्बन्धी विवरण:

क) निरीक्षणको समयमा रोगी र शंकास्पद पोल्ट्रीको संख्या :

ख) एभिएन इन्फ्लुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रमक रोगको शंक भए/नभएको

ग) रोगी पोल्ट्री छुट्याई राख्ने व्यवस्थाा भए/नभएको

घ) प्रचलित मापदण्ड अनुसार नमूना संकलन गरे/नगरेको

ङ) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागि पठाईएको

च) फार्म ह्याचरीमा प्राईभेट पशु चिकित्सक भए/नभएको

१७. भेटेरिनरी निरीक्षकको टिप्पणी :

**भेटेरिनरी निरीक्षकको**

नाम, थर :

दस्तखत :

मिति :

## अनुसूची ६

## व्यवसायिक वंगुर फार्म निरीक्षण अनुगमन गर्दा प्रयोग गर्नुपर्ने फारमको नमूना

१. फार्मको नाम र ठेगाना :

२. स्थापना मिति :

३. फार्म धनीको नाम र ठेगाना :

४. वंगुरको जात :

५. जैविक सुरक्षा सम्बन्धी व्यवस्था:

क) बार वन्देज, गेट भए/नभएको

ख) बाहिरी जनावर, चरा, पंक्षी भित्र पस्न बाट रोक्ने व्यवस्था भए/नभएको

ग) गेटमा खुट्टा सफा निसंक्रमणको व्यवस्था भए/नभएको

घ) नि:संक्रमण तालिका भए/नभएको

ङ) फोहर फाल्ने ढल र मरेका चल्ला गाड्ने व्यवस्था भए/नभएको

च) नि:संक्रमण गर्ने तरिका

छ) आगन्तुक र कर्मचारीको सरसफाईको व्यवस्था

६. रोग सम्बन्धित विवरण :

क) निरीक्षणको समयमा रोगी संकास्पद पशुको संख्या :

ख) खोरेत र स्वाईन फिवर रोगको शंका भए/नभएको

ग) रोगिलाई छुट्टै राख्ने व्यवस्था भए/नभएको

घ) नमूना संकलन गरे/नगरेको

ङ) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागि पठाईएको

च) फार्ममा प्राईभेट पशु चिकित्सक भए/नभएको

७. प्रजनन्को लागि पालिएका वंगुर संख्या

क) माउ संख्या

ख) भुनी संख्या

ग) भाले संख्या
घ) पाठापाठी संख्या
८) भईरहेको पूर्वाधारहरुमा वंगुर राख्न सकिने संख्या :
क) माउ संख्या
ख) भुनी संख्या
ग) भाले संख्या
घ) पाठापाठी संख्या
९) प्रति माउ प्रति वर्ष व्याउने पटक
१०) प्रति वेतमा जिवित र मुत्यु पाठापाठीको संख्या
११) जन्मेका पाठापाठीको संख्या ( के. जी.)
१२) प्रथम पटक वाली लाग्ने उमेर (दिनमा) तौल (के.जी)
१३) बाली गएपनि उल्टने प्रतिशतः
१४) खोप तथा औषधि भण्डारण सम्वधी व्यवस्था :
१५. प्रतिरोधात्मक र उपचारको कार्यतालिका भए/नभएको
१६. भेटेरिनरी निरीक्षकको टिप्पणी :

**भेटेरिनरी निरीक्षकको**
नाम, थर :
दस्तखत :
मिति :

## अनुसूची ७
## मासु पसल अनुगमन फारम

मासु पसलको नाम :

ठेगाना : फोन नं.

यस कार्यालयको नेतृत्वमा खटिई गएको अनुगमन टोलिबाट मासु पसल/बधशाला/बधस्थल/फार्मको निरीक्षण गर्दा निम्न अनुरुपको स्थिति भेटिएकोले देहाय अनुसार गर्नु गराउन हुन निर्देशन दिईएको छ ।

| क्र. स. | विवरण | नभएको | भएको | टोलीबाट दिईएको निर्देशन |
|---|---|---|---|---|
| १. | स्थानीय निकायमा व्यवसाय दर्ता/नवीकरण/नम्बर | | | |
| २. | स्थायी लेखा नम्बर (PAN/VAT) | | | |
| ३. | मूल्य सूची | | | |
| ४. | खरिद तथा विक्रीको विल दुरुस्त | | | |
| ५. | नापतौल प्रमाण र सामाग्रीको अवस्था | | | |
| ६. | बिक्री गर्न राखिएको मासुको प्रकार (राँगो, खसि, कुखुरा, वंगुर, माछा, अन्य) | | | |
| ७. | पशुपंक्षीको श्रोत खुल्ने कागजात र स्वास्थ्य प्रमाणपत्र | | | |
| ८. | पसलमै पशुपंक्षी बध गर्ने भए स्वस्थ्य प्रमाणपत्र | | | |
| ९. | मासु पसलमै पशु बध | | | |
| १०. | पशु बध गर्दा बध अघि र पछि जाँच गर्ने व्यवस्था | | | |
| ११. | बध गर्ने पशु राख्ने पर्याप्त स्थान | | | |
| १२. | स्वच्छ र सफा पानीको पर्याप्त व्यवस्था | | | |
| १३. | प्रयोग गरेको पानी सजिलै संग बाहिर जानसक्ने निकासको व्यवस्था | | | |
| १४. | मासु काट्ने, जोख्ने, राख्न प्रयोग हुने औजार, भाडावर्तन स्टेलनेश स्टील | | | |
| १५. | कन्क्रीट वाल र भुई | | | |
| १६. | बिक्री गर्न राखिने मासु झुण्ड्याउन हुकको व्यवस्था | | | |
| १७. | पसल बाट निस्केको फोहर व्यवस्थित तरिकाले तह लगाउने व्यवस्था | | | |
| १८. | मासु बिक्रेताको हातमा पंजा, शरिरमा एप्रोन र मुखमा मास्क | | | |
| १९. | बिक्री कक्षमा कोल्डचेनको व्यवस्था ( कम्तीमा फ्रिज) को व्यवस्था | | | |
| २०. | एउटै पसलमा विभिन्न किसिमका मासुहरु लसपस हुने | | | |
| २१. | जिवित कुखुरा वा मासुमा कुनै विकृति | | | |

| | | | | |
|---|---|---|---|---|
| २२. | भित्री तथा योग्य मासु एकै ठाउँमा | | | |
| २३. | मासुको गुणस्तर सन्तोषजनक | | | |
| २४. | म्याद नाघेको सामाग्री | | | |
| २५. | पर्याप्त क्षेत्रफल सहितका पसल कोठा | | | |
| २६. | स्वच्छ मासु उत्पादन सम्बन्धि तालिम | | | |
| २७. | कुनै निर्देशन पालना गर्नुपर्ने भए समयावधि | | | |
| २८. | अनुगमन गर्दा दिईएको निर्देशनको कार्यान्वयनको अवस्था | | | |
| २९. | अघिल्लो पटक दिईएको निर्देशनको कार्यान्वयनको अवस्था | | | |
| ३०. | अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | |

एक पटक दिईएका निर्देशनहरु पुनः अनुगमन गर्दा पालना नभएको पाईएमा प्रचलित कानून बमोजिम कडा कारबाही हुनेछ ।

......................................

उत्पादक/बिक्रेताको नाम र सही

संस्थाको छाप निरीक्षण टोली

१.
२.
३.
४.
५.

आज्ञाले

प्रमाणीकरण मितिः २०७६/०७/२८

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत